नेपाल सरकार

# गृह मन्त्रालय

आन्तरिक व्यवस्था

निजामती सेवा दिवस/०७३/७४

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- १४२

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति :२०७३/५/१५

**विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय,**
**सवै ।**

प्रस्तुत विषयमा प्रत्येक वर्ष भाद्र २२ गतेका दिन निजामती सेवा दिवस मनाउदै आएको व्यहोरा अवगत नै छ । सोही सन्दर्भमा यस वर्ष २०७३ साल भाद्र २२ गते **"सेवा मैत्री प्रशासन-संघीयतामा सुशासन"** नारा सहित निजामती सेवा दिवस मनाउन तयार पारिएको जिल्लागत स्वीकृत कार्याक्रम लगायतका अन्य विवरणहरु यसैसाथ संलग्न गरेको छु । संलग्न जिल्लागत स्विकृत कार्यक्रमसँग मिल्दोजुल्दो हुने गरी प्रमुख जिल्ला अधिकरीको संयोजकत्वमा जिल्लागत रुपमा कार्यक्रम निर्धारण गर्न लगाई निजामती सेवा दिवस, २०७३ भव्य र उल्लासमय तरिकाले मनाउने व्यवस्था मिलाउन सबै क्षेत्रीय प्रशासन कार्यालयहरु र सबै जिल्ला प्रशासन कार्यालयहरुमा तहाँबाटै परिपत्र गर्ने व्यवस्थाका लागि अनुरोध गर्दछु भनी सामान्य प्रशासन मन्त्रालयको च.नं. २०१ मिति २०७३।५।१३ को पत्रबाट लेखि आएको हुँदा सो को कार्यान्वयनको लागि सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त हुन आएका देहायका कागजातहरु संलग्न राखि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

१. निजामती सेवा दिवस, २०७३ को जिल्लागत कार्यक्रमको नमूना
२. जिल्लास्थित कार्यालयहरुका लागि मूल ब्यानरको नमूना
३. जिल्लास्थित कार्यालयहरुका लागि प्ले कार्डको नमूना र नाराहरुको विवरण

०७३।५।१५
(हिराकाजी श्रेष्ठ)
शाखा अधिकृत

**बोधार्थ :**
श्री सामान्य प्रशासन मन्त्रालय,
प्रशासन सुधार शाखा, सिंहदरवार, काठमाडौं ।

अनुसूची १

## जिल्ला स्थित कार्यालयका लागि मुल ब्यानरको नमूना

(नोट : जिल्लास्थित प्रत्येक कार्यालयलहरुले आफ्नो आफ्नो कार्यालयको नाम अंकित तल नमूनामा दिएको जस्तो मूल ब्यानर तयार गरी सोको पछाडि प्ले कार्डहरु सहित २०७३ साल भाद्र २२ गते विहान ७:०० बजे जिल्ला प्रशासन कार्यालयले तोकेको स्थानमा भेला भई प्रभात फेरीमा समावेश भएर मूल कार्यक्रम स्थल तर्फ प्रस्थान गर्ने)

१. **ब्यानरको मापदण्ड :** लम्बाई २ मिटर चौडाई १ मिटर

२. Back Ground: White in Colour

३. Border : Blue in Colour

४. Banner Text: Red in Colour

५. Banner Leg : १ मिटर

जस्तै : नमूना मूल ब्यानर

प्रभात फेरीमा समावेश हुनका लागि निर्धारित रोल क्रमको स्थान विवरणको नम्वर उल्लेख गर्ने



# निजामती सेवा दिवसका अवसरमा आयोजना गरिने जिल्लागत कार्यक्रमहरुको नमूना खाका

| सि.न. | क्रियाकलाप | मिति | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला स्थित राजनैतिक दलका नेताहरु र कार्यालय प्रमुखहरु वीच राजनीति र प्रशासन वीचको अन्तर सम्बन्धका विषयमा अन्तरक्रिया कार्यक्रम | २०७३।०५।१७ | |
| २ | रक्तदान कार्यक्रम | २०७३।०५।१७ | |
| ३ | स्वास्थ्य शिविर कार्यक्रम | २०७३।०५।१७ | |
| ४ | खेलकुद कार्यक्रम<br>• फूटवल, दौड, निबन्ध प्रतियोगिता लगायतका कार्यक्रमहरु ट्रेड युनियहरुसँगको समन्वयमा | २०७३।०५।१७-२१ | |
| ५ | वृक्षारोपण कार्यक्रम | २०७३।०५।२१ | |
| ६ | कार्यालय सरसफाई कार्यक्रम | २०७३।०५।२१ | |
| ७ | स्थानीय एफ एमबाट निजामती सेवा दिवस र सेवा प्रवाह, विकास निर्माण सम्बन्धी अन्तरसम्बाद कार्यक्रम | २०७३।०५।२२ | |
| ८ | प्रभातफेरी कार्यक्रम विहान ७ बजे | २०७३।०५।२२ | |
| ९ | प्रभातफेरी कार्यक्रम पछि स्थानीय सभागृहहरुमा मूल समारोह आयोजना गरी विभिन्न व्यक्तिहरुबाट मन्तव्य सहित समापन। | २०७३।०५।२२ | |

## जिल्ला स्थित कार्याएलयका लागि प्ले कार्डका लागि नाराहरु र प्ले कार्डको नमूना

नोट : जिल्लास्थित प्रत्येक कार्यालयलहरु प्रत्येकले कम्तिमा १०/१० बटा प्ले कार्ड तयार गरी मूल ब्यानरको पछाडि प्ले कार्डहरु सहित २०७३ साल भाद्र २२ गते विहान ७:०० बजे जिल्ला प्रशासन कार्यालयले तोकेको स्थानमा भेला भई प्रभात फेरीमा समावेश भएर मूल कार्यक्रम स्थल तर्फ प्रस्थान गर्ने

- सवल प्रशासन, स्वच्छ प्रशासन
- सुशासन र प्रदान गरिने सेवाको प्रभावकारीता
- लोकतन्त्रका लागि जनमुखी नागरिक प्रशासन
- पारदर्शी प्रशासन : लोकतान्त्रिक प्रशासन
- जनसेवा : हाम्रो प्रतिवद्धता
- जनताका लागि प्रशासन
- शिष्ट र नम्र ब्यवहार : सेवा ग्राहीको अधिकार
- जनतालाई सम्मान र सेवा : सुशासनलाई टेवा
- जनमुखी प्रशासन : अनुशासन र सुशासन
- सुशासन र सदाचार : निजामती सेवाको आधार
- निजामती सेवाको मान्यता : अनुशासन, इमान्दारिता र नैतिकता
- निजामती सेवाको सपना : समृद्ध नेपालको रचना
- निजामती सेवाको आधार : पारदर्शी ब्यवहार
- निजामती सेवाका लागि टेवा : पारदर्शिता, उत्तरदायित्व र जनमुखी सेवा
- जनहीतमा निजामती सेवाको कार्य : आम नागरिकबाट हुन्छ स्वीकार्य
- जनसेवामा निजामती सेवा छ प्रतिवद्ध : नियम पालनामा कटिवद्ध
- निजामती सेवाको अभिबृद्धि : राष्ट्रको सम्वृद्धि
- निजामती सेवाको आधार : सार्वजनिक सेवामा सुधार
- सबल र सक्षम निजामती सेवा : राष्ट्र निर्माणमा टेवा
- जनताको घरदैलोमा सेवा समृद्धिको लागि टेवा
- जनताको सदिक्षा छरितो सार्वजनिक सेवा

**प्ले कार्डको नमूना**

